Website: besishaharmun.gov.n
Email: info@besishaharmun.gov.n
eo@besishaharmun.gov.n

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा शाखा

पत्र संख्या :२०७६/०७७
चलानी नं ३१४४

बेसीशहर, लमजुङगण्डकी प्रदेश, नेपाल

बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा शाखा बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल

मितिः– २७६/१२/०६

**विषयः– विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।**

श्री सम्पूर्ण विद्यालयहरु (संस्थागत र सामुदायिक)
बेसीशहर नगरपालिका, लमजुङ

प्रस्तुत विषयमा बेसीशहर नगर शिक्षा समितिको मिति २०७६/११/२१ गतेका दिन बसेको बैठकले यस नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुले आगामी २०७७ साल बैशाख महिनाभित्र बेसीशहर नगरपालिका शिक्षा ऐन,२०७४ (संशोधन सहित) विद्यालय व्यवस्थापन समिति गठन गर्न निर्देशन दिने भनि निर्णय भएकाले सो अनुसारले विद्यालय व्यवस्थापन समिति गठन गर्नका लागि सम्बन्धित सम्पूर्ण विद्यालयहरुलाई अनुरोध छ । बेसीशहर नगरपालिका शिक्षा ऐन, २०७४ संशोधन सहित विद्यालय व्यवस्थापन समिति गठन गर्ने सम्बन्धि प्रक्रिया यस पत्रसाथ संलग्न गरिएको व्यहोरा जानकारी गराइन्छ ।

किसान राज चिलुवाल
उप-सचिव

Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा शाखा

वेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा शाखा बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२१४६३

पत्र संख्या :२०७६/०७७
चलानी नं

वेसीशहर, लमजुङगण्डकी प्रदेश, नेपाल

बेसीशहर नगरपालिका शिक्षा ऐन २०७४ को दफा १४ अनुसार विद्यालयहरुमा तपसिल अनुसारको विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्नेछ ।

१ सामुदायिक विद्यालयहरुको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सद्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) अभिभावकहरुमध्येबाट निर्वाचित एकजना महिला र एक जना दलितसहित चार जना– सदस्य

(ख) विद्यालय रहेको वडाका वडाध्यक्ष वा वडाध्यक्षले तोकेका वडासमितिका सदस्य एकजना – सदस्य

(ग) नगरपालिका शिक्षा समितिबाट मनोनित बुद्धिजिवी,समाजसेवी, चन्दादाता, जग्गादातामध्येबाट १ जना – सदस्य

(घ) सम्बन्धित विद्यालयको शिक्षक प्रतिनिधि एकजना – सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिबाट मनोनित विद्यार्थी एकजना – सदस्य

(च) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

२ (क) विद्यालय व्यवस्थापन समितिको बैठकले बुँदा नं १ को (क) र (ग) बमोजिम अभिभावक र नगरशिक्षा समितिबाट छनौट भएकाहरुमध्येबाट समितिको अध्यक्ष छनौट गर्नेछ । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि शिक्षक प्रतिनिध प्र.अ.र विद्यार्थी प्रतिनिधि बाहेकका व्यवस्थापन समितिका सदस्यहरुमध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(ख) माध्यमिक तह र आधारभूत तह (कक्षा १ – ८) का विद्यालयहरुको हकमा मात्र वि. व्य. स. मा एकजना विद्यार्थी प्रतिनिधि रहने व्यवस्था गर्ने ।

किसान राज चिलुवाल
उप-सचिव

Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा शाखा

फ्याक्स न. ०६६-५२०२०४
फोन न. . ०६६-५२१४६३

पत्र संख्या :२०७६/०७७
चलानी नं

बेसीशहर, लमजुङगण्डकी प्रदेश, नेपाल

३ संस्थागत विद्यालयहरुको हकमा देहाय अनुसारको एउटा विद्यालय व्यवस्थापन समिति रहनेछ :–

(क) विद्यालयको संस्थापक वा संस्थापकहरुमध्येबाट विद्यालयको सिफारिशमा नगरपालिकाले मनोनयन गरेको ब्यक्ति – अध्यक्ष

(ख) विद्यालयका संस्थापक वा लगानी कर्ताहरुले अभिभावकहरुमध्येबाट कम्तिमा एक जना महिला पर्नेगरी मनोनित गरेका दुई जना – सदस्य

(ग) सम्बन्धित वडाका वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा समितिको सदस्य एक जना – सदस्य

(घ) नगरपालिका शिक्षा शाखाको अधिकृत प्रतिनिधि एक जना - सदस्य

(ङ) विद्यालयमा कार्यरत शिक्षकहरुले आफूमध्येबाट छानी पठाएको शिक्षक एक जना –सदस्य

(च) विद्यालयका प्रधानाध्यापक – सदस्य सचिव

४ अभिभावकहरुको अभिलेख राख्ने:–

(क) विद्यालयले विद्यार्थी भर्ना रजिष्टर शैक्षिक सत्र २०७७ खडागरि विद्यार्थी भर्ना भएको कक्षा, जन्ममिति, लिङ्ग, ठेगाना र सम्बन्धित अभिभावकको नाम र निज विद्यार्थी सँगको नाता प्रष्ट हुनेगरि अभिलेख कायम गर्ने ।

(ख) विद्यार्थीको अभिभावकमा निजको बाबु तर्फको बाजे बज्यै निजको बाबु आमा एकाघरको दाजु वा दिदी मध्ये कुनै एकजनालाई कायम गर्नुपर्नेछ ।

(ग) कुनै एक घरपरिवारबाट एकजना भन्दा धैरै छात्र छात्राहरु विद्यालय भर्ना भएको खण्डमा कुनै एक जनालाई मात्र अभिभावक कायम गर्नुपर्नेछ ।

(घ) विद्यार्थीको बाजे बज्यै बाबु आमा दाजु वा दिदी नभएको अवस्थामा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने ब्यक्तिको अभिलेख राख्नुपर्नेछ। विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने ब्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्दा निजको संरक्षकत्व प्रदान गरेको ब्यहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनुपर्नेछ ।

(ङ) चालु शैक्षिक बर्ष २०७६ मा विद्यालयको कक्षा नर्सरीदेखि उपल्लो तहको कक्षासम्म अध्ययन गर्न आएका सम्पूर्ण विद्यार्थीहरुको भर्ना गर्नुपर्नेछ । तीन बर्ष उमेर पूरा नभएका वालवालिकाहरुको विद्यालयमा भर्ना

किसान राज चिलुवाल
उप-सचिव

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा शाखा

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२१४६३

बेसीशहर, लमजुङगण्डकी प्रदेश, नेपाल


पत्र संख्या :२०७६/०७७

चलानी नं

भएको अवस्था भएमा निजको अभिभावकले वि. व्य. स. गठन प्रकृयामा अभिभावकको हैसियतमा भागलिन वा उम्मेद्वार बन्न सक्ने छैन ।

५ विद्यालय व्यवस्थापन छनौटका लागि अभिभावकहरुलाई सहयोग गर्नका लागि बेसीशहर नगरपालिका शिक्षा शाखाका शाखा अधिकृतको संयोजकत्वमा प्रधानाध्यापक र स्थानिय तहको प्रतिनिधि रहेको विद्यालय व्यवस्थापन छनौट सहयोग समिति रहनेछ । सो समितिले बेसीशहर नगर शिक्षा ऐन २०७४ (संशोधन सहित) र बेसीशहर नगर शिक्षा नियमावलि २०७४ (संसोधन सहित) को अधिनमा रहि वि. व्य. स. छनौट सम्बन्धमा कार्यबिधि सहितको कार्यतालिका प्रकाशन गर्नुपर्नेछ ।

किसान राज चिलुवाल
उप-सचिव